**कक्षा : ६**

## विषयसूची


| एकाइ | शीर्षक | पृष्ठसङ्ख्या |
|---|---|---|
| एकाइ : एक | मनहरी गाउँपालिकाको परिचय | |
| एकाइ : दुई | स्थानीय जातजाति, भाषा, वेषभूषा, चाडपर्व, मेलाजात्रा र संस्कार | |
| एकाइ : तीन | स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल | |
| एकाइ : चार | स्थानीय प्राकृतिक स्रोत, वातावरण संरक्षण, पानी र सिंचाइ | |
| एकाइ : पाँच | स्थानीय पेसा, व्यवसाय, प्रविधि र उद्यम | |
| एकाइ : छ | स्थानीय खेलकुद र भोजन | |
| एकाइ : सात | सडक सुरक्षा र प्रकोप न्यूनीकरण | |
| एकाइ : आठ | स्थानीय सेवामूलक सङ्घसंस्था र समाजसेवी व्यक्ति | |

**एकाइ एक**

| विषय क्षेत्रः मनहरी गाउँपालिकाको परिचय | वार्षिक पाठ्यघण्टा :१६ |
|---|---|

यस एकाइमा गाउँपालिकाको नक्सा, चार सिमाना तथा वडाहरूको वर्गीकरण, प्रत्येक वडाको , प्रत्येक वडाको विशेषता जनसङ्ख्या, जातजाति र हाँडीखोलाको परिचय तथा गाउँपालिका भित्रका मुख्य बस्तीहरू र सेवा सुविधाको अवस्था सिकाइनेछ ।

(क) कक्षागत सिकाइ उपलब्धि

(अ) गाउँपालिकाको नक्सा, चार सिमाना तथा वडाहरूको वर्गीकरण, प्रत्येक वडाको विशेषता जनसङ्ख्या, जातजाति

(आ) हाँडीखोलाको परिचय तथा गाउँपालिका भित्रका मुख्य बस्तीहरू र सेवा सुविधाको अवस्था

(ख). विषयवस्तु

- गाउँपालिकाको नक्सा बनाउने तरिका, वडाहरूको वर्गीकरण र नक्सामा सङ्केत चिह्नहरू राख्नबारे जानकारी र सिपको वर्णन तथा गाउँपालिका क्षेत्रको जनसङ्ख्या, जातजातिबारे जानकारी
  - मनहरी गाउँपालिकाको वडा विभाजन

| कायम गरिएका वडा न. | समावेश भएका साविक गाविसहरू | समावेश भएका वडा न. | केन्द्र |
|---|---|---|---|
| १ | हाँडीखोला | १ र २ | चकरी |
| २ | हाँडीखोला | ४ | भुन्द्रुङ टाँडी |
| ३ | हाँडीखोला | ३, ५ र ६ | हाँडीखोला |
| ४ | हाँडीखोला | ७ | मसिने |
| ५ | हाँडीखोला | ८ र ९ | वसन्तपुर |

| | | | |
|---|---|---|---|
| ६ | मनहरी | १ २ र ५ | सुनाचुरी |
| ७ | मनहरी | ३ र ६ | बिजौना |
| ८ | मनहरी | ४ र ९ | सिम्पानी |
| ९ | मनहरी | ७ र ८ | सिम्पानी |

जनसङ्ख्या प्रतिशतमा

| | | | |
|---|---|---|---|
| तामाङ | ४६.६ | ४६.५ | ४६.६ |
| क्षेत्री | १३.१ | १३ | १३.२ |
| चेपाङ | १०.४ | १०.६ | १०.३ |
| बाहुन | १० | १० | १० |
| विश्वकर्मा | ४.३ | ४.२ | ४.३ |
| राई | ४.१ | ४.१ | ४.२ |
| मगर | २.५ | २.४ | २.५ |
| नेवार | १.८ | १.७ | १.९ |
| परियार | १.३ | १.४ | १.४ |
| सन्यासी | १.३ | १.३ | १.२ |

जनसङ्ख्या

| | | | |
|---|---|---|---|
| जम्मा | ४७३५३ | २३३९५ | २३९५८ |
| तामाङ | २२०४४ | १०८७६ | १११६८ |
| क्षेत्री | ६२०९ | ३०४७ | ३१६२ |

| | | | |
|---|---|---|---|
| चेपाङ | ४९४४ | २४८८ | २४५६ |
| विश्वकर्मा | २०३१ | ९९२ | १०३९ |
| मगर | ११७० | ५६१ | ६०९ |
| राई | १९६३ | ९५३ | १०१० |
| परियार | ६१७ | २९३ | ३२४ |
| सन्यासी | ६०७ | ३२६ | २८१ |
| ठकुरी | २६२ | १३४ | १२८ |
| मिजार | २०७ | ९३ | ११४ |

(अ) वडा न. १ को परिचय

यो वडा मनहरी गाउँपालिकाको दक्षिण पूर्वी क्षेत्रमा साविक हाँडिखोला गा वि स वडा नं १ र २ मिलेर बनेको छ । हेटौडा उपमहानगरपालिका र पर्सा राष्ट्रिय निकुन्जसँग सीमा जोडिएको यो वडाको क्षेत्रफल १७.३४ वर्ग किलोमिटर रहेको छ । यस वडाका मुख्य पर्यटकीय तथा धार्मिक क्षेत्रहरू गोगनपानी भ्यु टावर(निर्माणको चरणमा रहेको), पेमा छोइलिङ गुम्बा, कृष्ण मन्दिर, राम मन्दिर, महादेव स्थान, चुरियामाई मन्दिर हुन् । वडा कार्यालय चकरीमा रहेको छ ।

(आ) वडा न. २ को परिचय

यो वडा मनहरी गाउँपालिकाको पूर्वी क्षेत्रमा साविक हाँडीखोला गा वि स वडा नं ४ बाट बनेको हो । पर्सा राष्ट्रिय निकुन्ज तथा वडा नं १ ३ र ४ सँग सीमा जोडिएको यस वडाको क्षेत्रफल १७.३७ वर्ग किलोमिटर रहेको छ । यस वडाका मुख्य पर्यटकीय तथा धार्मिक क्षेत्रहरू

रत्नलिङ गुम्बा, हिसे घ्यासे टासिलिङ गुम्बा, सहिद स्मृति पार्क भिमान हुन् । यसको वडा कार्यालय भुन्द्रुङ टाँडीमा रहेको छ ।

(इ) वडा न. ३ को परिचय

यस वडा मनहरी गाउँपालिकाको दक्षिण पूर्वी क्षेत्रमा साविक हाँडीखोला गा वि स वडा नं ३, ५ र ६ मिलेर बनेको छ । हेटौडा उपमहानगरपालिका र पर्सा राष्ट्रिय निकुन्जसँग सिमा जोडिएको यस वडाको क्षेत्रफल १७.२६ वर्ग किलोमिटर रहेको छ । यस वडाका मुख्य पर्यटकीय तथा धार्मिक क्षैत्रहरू डोल्मा लाखाङ गुम्बा, रामसीता मन्दिर, चुरियामाई मन्दिर, विक्रम पर्ता गुरुकुल जडिबुटी उद्यान हुन् । साविक हाँडीखोला गाविस कार्यालय हाँडीखोलामा यसको वडा कार्यालय रहेको छ ।

(ई) वडा न. ४ को परिचय

यस वडा मनहरी गाउंपालिकाको दक्षिण पूर्वी क्षेत्रमा अवस्थित छ । साविक हाँडीखोला गा वि स वडा नं ७ लाई वडा न. ४ कायम गरिएको हो । पर्सा राष्ट्रिय निकुन्ज, मनहरी गापा वडा नं ३, ५ र २  सँग यसको सीमा जोडिएको छ । यस वडाको क्षेत्रफल २८.१२ वर्ग किलोमिटर रहेको छ । यस वडाका मुख्य पर्यटकीय तथा धार्मिक क्षेत्रहरू छोइलिङ घिसिङ गुम्बा, पशुपति मन्दिर, ऋषेश्वर मन्दिर हुन् । यसको वडा कार्यालय मसिनेमा रहेको छ ।

(उ) वडा न. ५ को परिचय

- यस वडा मनहरी गाउँपालिकाको दक्षिण पूर्वी क्षेत्रमा साविक हाँडीखोला गा वि स वडा नं ८ र ९ बाट बनेको हो ।  पर्षा राष्ट्रिय निकुन्ज र मनहरी गापा वडा नं ९ सँग सीमा जोडिएको यस वडाको क्षेत्रफल २६.१९ वर्ग किलोमिटर रहेको छ । यस वडाका मुख्य पर्यटकीय तथा धार्मिक क्षेत्रहरू पेमालिङ गुम्बा, टासी छ्योइलिङ गुम्बा, चुरियामाई मन्दिर पिक्निक स्थल हुन् । यो वडाको कार्यालय वसन्तपुरमा रहेको छ ।

(उ) वडा न. ६ को परिचय

यस वडा मनहरी गाउँपालिकाको दक्षिण-पश्चिम क्षेत्रमा साविक मनहरी गा वि स वडा नं १, २ र ५ मिलेर बनेको हो । चितवन राष्ट्रिय निकुन्ज र मनहरी गापा वडा नं ७, राक्सीराङ गाउँपालिका र राप्ती नगरपालिकासँग सीमा जोडिएको यस वडाको क्षेत्रफल ३८.९५ वर्ग

किलोमिटर रहेको छ । यस वडाका मुख्य पर्यटकीय तथा धार्मिक क्षेत्रहरू मोरङे ताल, पार्क, टासी छ्योइलिङ गुम्बा, बाघ भैरव मन्दिर हुन् । यो वडाको कार्यालय सुनाचुरीमा रहेको छ ।

(ऊ) वडा न. ७ को परिचय

यस वडा मनहरी गाउँपालिकाको मध्य क्षेत्रमा साविक मनहरी गा वि स वडा नं ३ र ६ मिलेर बनेको हो । मनहरी गापा वडा नं ६ र मनहरी गापा वडा नं ८ को बिचमा पूर्व पश्चिम राजमार्गसँगै रहेको यस वडाको क्षेत्रफल ५.३८ वर्ग किलोमिटर रहेको छ । यस वडाका मुख्य पर्यटकीय तथा धार्मिक क्षेत्रहरू बुद्ध शान्ति हरित पार्क, मनकामना मन्दिर, पर्सा राष्ट्रिय निकुन्ज प्रवेशद्वार रमौली पर्यटन क्षेत्रहरू हुन् । यो वडाको कार्यालय बिजौनामा रहेको छ ।

(ए) वडा न. ८ को परिचय

यस वडा मनहरी गाउँपालिकाको मध्य क्षेत्रमा साविक मनहरी गा वि स वडा नं ४ र ९ मिलेर बनेको हो । मनहरी गापा वडा नं ७ र मनहरी गापा वडा नं ९ को बिचमा पूर्व पश्चिम राजमार्गसँगै रहेको यस वडाको क्षेत्रफल ७.८० वर्ग किलोमिटर रहेको छ । यस वडाका मुख्य पर्यटकीय तथा धार्मिक क्षेत्रहरू मनहरी पिस पार्क, टासी छ्योइलिङ गुम्बा, ऋषेश्वर मन्दिर हुन् । यो वडाको कार्यालय सिम्पानीमा रहेको छ ।

(ऐ) वडा न. ९ को परिचय

यस वडा मनहरी गाउँपालिकाको मध्य क्षेत्रमा साविक मनहरी गा वि स वडा नं ७ र ८ मिलेर बनेको हो । मनहरी गापा वडा नं ८ सँग सीमा जोडिएको पुर्व पश्चिम राजमार्गसँगै रहेको यस वडाको क्षेत्रफल ४१.१२ वर्ग किलोमिटर रहेको छ । यस वडाका मुख्य पर्यटकीय तथा धार्मिक क्षैत्रहरू राजमार्ग पिकनिक स्थल, अगनिहोत्र आश्रम हुन् । यो वडाको कार्यालय सिम्पानीमा रहेको छ ।

वडाका विशेषता थप्ने

- हाँडीखोलाको परिचय तथा गाउँपालिका क्षेत्रको मुख्य बस्तीहरू र सेवा सुविधाको अवस्थाबारे जानकारी

थप्ने

हाँडीखोलाको परिचय, मुख्य बस्तीहरू र सेवा सुविधा

(ग) सम्भावित शिक्षण सिकाइ सामग्री

- गाउँपालिकाको सङ्केतसहितको नक्सा
- गाउँपालिकाको परिचयसम्बन्धी लेख, रचना, भिडियो, बृत्तचित्र
- गाउँपालिकाको प्रोफाइल हाँडिखोलासम्बन्धी लेख रचना
- स्थानीय इतिहासविद

(घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

- गाउँपालिकाले ओगटेको क्षेत्रको बारेमा नक्सा वा चित्र देखाएर वर्णन गर्ने ।
- गाउँपालिकाको नक्सा देखाइ वरिपरिका सीमानाहरूको जानकारी दिने ।
- गाउँपालिकाको समान्य नक्सा बनाइ त्यसमा सङ्केत/ चिह्नहरू राख्न सिकाउने, उचाइ, अंक्षाश र देशान्तर छुट्याउन सिकाउने
- दिइएको नक्सामा भएका सङ्केतका आधारमा महत्त्वपूर्ण साँस्कृतिक, ऐतिहासिक ठाउँहरू पहिचान गर्न लगाउने ।
- गाउँपालिकाका नौ ओटै वडाका महत्त्वपूर्ण विषेशताहरू खोजी गरी बताउने ।
- गाउँपालिकाको जनसङ्ख्या, जातजाति, मुख्य बस्तीहरू, सडक, बिजुली, स्वास्थ्यचौकी आदिको सेवासुविधा सम्बन्धी पालिकाको प्रोफाइलका आधारमा बताइदिने ।
- स्थानीय हाँडीखोलाको विषेषतासम्बन्धी जानकारी दिने, सम्भव भए क्षेत्रगत भ्रमण गराउने र त्यस ठाउँको बारेमा परियोजना कार्य गर्न लगाउने ।
- स्थानीय जानकार व्यक्तिसँग गाउँपालिकाको जनसङ्ख्या, जातजाति, मुख्य बस्तीहरू, सडक, बिजुली, स्वास्थ्यचौकी आदिको सेवासुविधासम्बन्धी छलफल गराई निष्कर्ष दिने ।

**(ङ) सम्भावित सिकाइ मूल्याङ्कन(सिकाइका लागि मूल्याङ्कन)**

**तलका कियाकलाप गराई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :**

- गाउँपालिकाको नक्सामा सीमानाको चार किल्ला छुट्याई, सङ्केतसहितको नक्सा बनाउन लगाएर ।
- नक्सामा आफ्नो विद्यालय भएको वडा छुट्याउन लगाएर ।

- आफ्नो विद्यालय वा बस्ती भएको वडाको नक्सा बनाउन लगाएर र भौगोलिक अवस्था कस्तो छ चिन्न लगाएर ।
- गाउँपालिका भित्रका मुख्य जातजातिहरूको जनसङ्ख्या सूची र लेख्न लगाएर ।
- गाउँपालिका भित्रका मुख्य बस्ती र सडकहरूको नाम लेख्न लगाएर।
- आफ्नो वडाको विशेष चिनारीसहित परिचय लेख्न लगाएर ।
- क्षेत्रगत भ्रमणका आधारमा कुनै एक क्षेत्रको परिचय लेखी कक्षामा प्रस्तुत गर्न लगाएर ।
- हाँडिखोलाको परिचय लेख्न लगाई प्रस्तुत गर्न लगाएर

कक्षा सहभागिता, लिखित तथा मौखिक कार्य, परियोजना तथा प्रयोगातमक कार्य, अवलोकन, विद्यार्थीका कार्यको प्रदर्शन, घटनावृत्त अभिलेख, छोटा परीक्षा, स्व र सहपाठी मूल्याङ्कन, अभिभावकको प्रतिकिया आदिका माध्यमले विद्यार्थीहरूको मूल्याङ्कन गर्ने ।

**एकाइ २**

विषय क्षेत्र : स्थानीय जातजाति, भाषा, वेशभूषा, चाडपर्व, मेलाजात्रा र संस्कार

वार्षिक पाठ्यघण्टा : २०

यस एकाइमा स्थानीय बनकरिया, चेपाङ, राई र गुरुङ जाति (भाषा, वेशभूषा, जन्म, विवाह, मृत्युलगायतका संस्कार) बारे बताउन, ल्होसार पर्व, गुरुङ, साकेला नाच र नुवागी पर्वसम्बन्धी परिचय, महत्त्व बोध गरी सहभागिता जनाउन, एकादशी मेला र फागु पूर्णिमा जात्रासम्बन्धी परिचय दिई सहभागिता जनाउन विद्यार्थीहरूलाई सिकाउनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

(अ) स्थानीय बनकरिया, चेपाङ्ग, राई र गुरुङ्ग जाति (भाषा, वेशभूषा, जन्म, विवाह, मृत्यु लगायतका संस्कार) बारे बताउन

(आ) ल्होसार पर्व, गुरुङ, साकेला नाच र नुवागी पर्वसम्बन्धी परिचय, महत्त्व बोध गरी सहभागिता जनाउन

(इ) एकादशी मेला र फागु पूर्णिमा जात्रासम्बन्धी परिचय दिई सहभागिता जनाउन

(ख) विषयवस्तु

चेपाङका पर्वहरूमा भूमि पूजा (भुइँ झ्यासा), 'न्वागी' दशैं, तिहार, माघे सङ्क्रान्ति र साउने सङ्क्रान्ति हुन् । यी पर्वहरू एकआपसमा मिलेर पर्व मनाइन्छ । तीमध्ये भूमि पूजा (भुइँ झ्यासा) प्रायः माघ र फागुन महिनामा गर्ने गरिन्छ । बाली पाकिसकेपछि सबैभन्दा पहिले नजिकको थानी भूमिलाई चढाइसकेपछि मात्र मकै खाने चलन छ । त्यसैगरी छोनाम 'न्वागी' चेपाङहरूको सबैभन्दा ठूलो धार्मिक पूजा हो । यो पूजा भदौमा गरिन्छ । 'न्वागी'लाई "नवाङ्गी" पनि भनिन्छ । चेपाङ जातिले दशैं, तिहार, माघे र साउने सङ्क्रान्ति निकै रमाइलोसँग मनाउँछन् । प्रत्येक बैशाख चण्डिपूर्णिमाका दिन गोठमा कुखुरा काटेर भोग दिने गरिन्छ । त्यही कुखुरा काटेर भोज खाने चलन छ । । भोजमा चेलीबेटीसमेत बोलाउने चलन छ । साउन महिना अन्न भित्रिने समय भएको हुँदा खुशी मनाउन साउने सङ्क्रान्ति मानिन्छ । यस पर्वलाई अनिकाल भगाउने र सहकाल ल्याउने पर्वको रूपमा पनि हेरिन्छ । मिलेर पर्व मान्दा एकआपसमा सहयोगको आदान प्रदान हुन्छ । सबै मिलेर गर्दा कार्यहरू छिटो र सजिलोसँग गर्न सकिन्छ । सबैको सहभागिताले पर्व रमाइलो हुन्छ । एकआपसमा चिनजान र घुलमिल गर्न सजिलो हुन्छ । आफ्नो संस्कृतिको पहिचान हुन्छ । चेपाङ जातिको आफ्नै संस्कार, वेषभूषा, भाषा, संस्कृति एवम् परम्परा छ । यसैका आधारमा उनीहरूको पहिचान हुन्छ । यो जाति बसोबास गरेको क्षेत्रमा च्यूरीको रूख पाइन्छ । यसले पनि चेपाङहरूको पहिचान बोकेको छ । यो जातिको विवाहमा छोरीलाई च्यूरीको बिरुवा दिने चलन छ । यी सबै काममा सहभागी हुँदा पर्वहरूमा गरिने कार्यहरूको जानकारी हुन्छ । यसबाट चेपाङ संस्कार, वेषभूषा, भाषा, संस्कृति एवम् परम्परा सिक्ने र अभ्यास गर्ने अवसर प्राप्त हुन्छ ।

वनकरिया, राई र गुरुङ जाति (भाषा, वेशभूषा, जन्म, विवाह, मृत्युलगायतका संस्कार) थप्ने

परिचय, महत्त्व र सहभागिता

एकादशी मेला र फागु पूर्णिमा जात्रा

हरिबोधिनी एकादशी वर्षमा पर्ने चौबीस एकादशी मध्ये सबैभन्दा महत्वपूर्ण एकादशी हो । त्यसैले यसलाई ठुलो एकादशी पनि भनिन्छ । हिन्दू धर्ममा एकादशीलाई भगवान् विष्णुको उपासना गर्ने पर्वको रूपमा लिइन्छ । आषाढ शुक्ल एकादशीको दिन क्षीर सागरमा सुत्नुभएका भगवान विष्णु आजैको दिन उठ्नुहुने पुराणहरूमा उल्लेख गरिएको छ । यसैकारण पनि यस दिनलाई हरिबोधिनी एकादशी भनिएको हो भन्ने विश्वास गरिन्छ । यस दिन गरिने स्नान, दान, तप आदि सबै कार्य अक्षय फलदायी हुने कुरा भगवान् कृष्णले युधिष्ठिरलाई बताएका छन् ।

## धार्मिक विश्वास

विष्णु क्षीरसागर(मानसरोबर) मा सुतेका कारण यसबेला कुनै माङ्गलिक कार्य गर्नु हुँदैन भन्ने मान्यताअनुसार चतुर्मासभरि विवाह, व्रतबन्ध, गृहप्रवेश आदि कार्य गरिदैंन । अर्थात् यी कार्य गर्न ज्योतिषीय मान्यताअनुसार शुभ साइत निस्कँदैन । चतुर्मासको अन्त्यपछि भने माङ्गलिक कार्यहरूका लागि शुभ साइत निकालिन्छ । कार्तिक शुक्ल एकादशीदेखि पूर्णिमासम्मको अवधिलाई भीष्मपञ्चक पनि भनिन्छ । भीष्मपञ्चकभरि भगवान् विष्णुको आराधना गर्नाले इच्छित फल पाइने विश्वासका साथ उपत्यकाका चार नारायण (चाँगु, विशङ्गु, इचङ्गु र शेष) लगायत बुढानीलकण्ठमा समेत भक्तजनको मेला लाग्दछ ।

चार महिनाअघि अर्थात् आषाढशुक्ल एकादशीको दिन (चतुर्मासको आरम्भमा ) आआफ्नो घरमा रोपिएको तुलसीलाई विशेष पूजा गरी पीपलसँग विवाह गरिदिने परम्परा रहिआएको छ । भोलिपल्ट द्वादशीको दिन तुलसीको विशेष पूजनसँगै नयाँ अन्नको हवन गरी चतुर्मास भरि विष्णु वा विष्णुप्रियाको रूपमा पूजा गरिएको तुलसीको विसर्जन गरिन्छ ।

## फागु पूर्णिमा

फागुन शुक्ल पूर्णिमाका दिन मनाइने फागु पूर्णिमा अर्थात् होली पर्व हिमाली एवं पहाडी जिल्लामा हर्षोल्लासका साथ एकआपसमा रङ र लोला खेली मनाइँदैछ । वसन्त ऋतुको

आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिई आउने फागु पर्व परम्परागत रूपमा विभिन्न रङ र लोला खेली मनाउने प्राचीन परम्परा छ ।

त्रेता युगमा दैत्यराज हिरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैँ भष्म भएकी तर भक्त प्रह्लादलाई आगोले छुन नसकेको कथा यो पर्वसँग जोडिएको छ । त्यसै बेलादेखि शक्तिको दुरूपयोग गर्ने पापी प्रवृत्तिकी प्रतीक बनेकी होलिका मारिएको उपलक्ष्यमा होली (फागु) खेल्ने परम्परा चलेको विश्वास गरिन्छ ।

यसैगरी द्वापरयुगमा श्रीकृष्ण भगवानलाई मार्न कंशद्वारा पठाइएकी राक्षसनी पुतनाले आफ्नो विष दलिएको स्तन चुसाउन लाग्दा असफल भई मारिइन् । निजलाई व्रजवासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको पनि धर्मग्रन्थमा उल्लेख गरिएको छ ।

फागु पर्वका उपलक्ष्यमा परम्परादेखि सरकारले सार्वजनिक बिदा दिँदै आएको छ । तराई क्षेत्रमा भने यो पर्व पूर्णिमाको भोलिपल्ट मनाउने गरिन्छ । यो चाडमा रङ्गीबिरङ्गी पोसाकमा सजिएर स-परिवार भेला भई तिर हान्ने प्रतियोगिता गर्छन् । सातदिनसम्म चल्ने यो पर्वमा प्रत्येक दिन आफ्ना दाजुभाइ तथा नातेदार भेला भई मीठामीठा खानेकुरा खाई रमाइलो गरिन्छ।

सबैतिर आपसी सद्भाव एवं सामाजिक एकतालाई प्रवर्धन गर्ने मूल उद्देश्यले यो पर्व मनाउने गरिन्छ ।

(ग). शिक्षण सिकाइ सामग्री

- स्थानीय सङ्ग्रहालय

- स्थानीय बनकरिया, चेपाङ, राई र गुरुङ जाति (भाषा, वेशभूषा, जन्म, विवाह, मृत्युलगायतका संस्कार) सम्बन्धी भिडियो, पम्पलेट, ब्रोसर आदि ।
- स्थानीय मेलाजात्रा पर्वसम्बन्धी श्रव्य दृष्य सामग्री
- स्थानीय संस्कृतिविज्ञ

(घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

- स्थानीय बनकरिया, चेपाङ, राई र गुरु जातिको भाषा, वेशभूषा, संस्कृति सम्बन्धी भिडियो वा चार्ट बनाई प्रस्तुत गर्ने ।
- कुनै सङ्ग्रहालयको भ्रमण गरी त्यहाँ राखिएका चेपाङ, राई र गुरुङ जातिलगायत विभिन्न जातजातिका मानिसहरूले लगाउने परम्परागत वेशभूषाबारे जानकारी लिने ।
- स्थानीय विज्ञको सहयोगमा बनकरिया, राई, चेपाङ र गुरुङ्ग जाति (भाषा, वेशभूषा, जन्म, विवाह, मृत्यु संस्कार) सम्बन्धी छलफल गर्ने र त्यसको सम्बर्धनमा समुदायले गर्नुपर्ने कार्यहरूबारे पनि छलफल गर्ने ।
- गुरुङ जातिले मनाउने ल्होसार पर्वसम्बन्धी छलफल गर्ने र ल्होसार पर्वमा गरिने क्रियाकलाप, लगाइने वेशभूषा र बनाइने परिकारहरूसम्बन्धी स्थानीय विज्ञको सहयोगमा छलफल गर्ने ।
- चेपाङ जातिले मनाउने नुवागी पर्वसम्बन्धी छलफल गर्ने र उक्त पर्वमा गरिने क्रियाकलाप, लगाईने वेशभूषा र बनाइने परिकारहरू सम्बन्धी स्थानीय विज्ञको सहयोगमा छलफल गर्ने ।
- राई जातिले नाच्ने साकेला नाच सम्बन्धी भिडियो खोजी गरी प्रस्तुत गर्ने, त्यस अवसरमा लगाईने वेशभूषाको चित्र खोजी गरी वा संकलन गरी प्रतक्ष्य देखाउने ।
- बनकरिया जातिले मान्ने चाडपर्व सम्बन्धी खोजी गरी बताइदिने ।
- गाउँपालिका क्षेत्रमा लाग्ने मेलाजात्राहरूको सूची सहित त्यहाँ सञ्चालन हुने क्रियाकलापहरू सम्बन्धी छलफल गर्ने ।
- गाउँपालिका क्षेत्रभित्र लाग्ने एकादशी मेला र फागु पूर्णिमा जात्रासम्बन्धी परिचय दिने, त्यहाँ गरिने क्रियाकलापहरूबारे छलफल गर्ने ।

- स्थानीय चाडपर्व, मेलाजात्राहरूको महत्त्व र संरक्षण तथा प्रवर्धनका लागि हामीले गर्नुपर्ने कार्यहरूको बारेमा अन्तरक्रिया सञ्चालन गर्ने ।
- विद्यालय नजिकैको कुनै मेला वा जात्रामा सहभागी गराउने र त्यहाँ हुने क्रियाकलापहरू टिपोट गरी प्रस्तुत गर्न लगाउने ।

(ङ) सम्भावित सिकाइ मूल्याङ्कन

**तलका अभ्यास गराई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :**

- चेपाङ समुदायमा मानिस जन्मिदा र विवाहमा गरिने क्रियाकलापबारे अभिभावकलाई सोधेर लेख्नुहोस् ।
- चेपाङ र गुरुङ वेशभूषाको चित्र बनाई कक्षामा प्रस्तुत गर्नुहोस्
- हाम्रो भाषा, वेशभूषा, संस्कृति संरक्षणका लागि हामीले गर्नुपर्ने कार्यहरूको सूची बनाउनुहोस् ।
- कुनै एक स्थानीय चाडपर्वमा सहभागी हुनुहोस् र त्यहाँ गरिने क्रियाकलाप निम्नलिखित बुँदाका आधारमा  कार्य गर्न लगाउने ।

**तलका कियाकलाप गराई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :**

- तपाईको समुदायमा जन्मोत्सव के गरेर मनाइन्छ ? अविभावकलाई सोधेर लेख्नुहोस् ।
- एकादशी मेला र फागु पूर्णिमा जात्रासम्बन्धी परिचय दिनुहोस् ।

एकाइ ३

| |
|---|
| विषय क्षेत्र:  स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल<br>वार्षिक कार्यघण्टा : १६ |

यस एकाइमा गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक, पर्यटकीय स्थलहरूको महत्व र संरक्षणमा सहयोग गर्न विद्यार्थीहरूलाई सिकाउनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

(अ) गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरूको महत्त्व बोध गरी संरक्षण कार्यमा सहयोग गर्न

(आ) गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्धनका लागि विद्यार्थी तथा समुदायको भूमिका बोध गरी संरक्षण र प्रवर्धनमा सहयोग गर्न

(ख) विषयवस्तु

(अ) चुरियामाई, कालिका मन्दिर, राधाकृष्ण मन्दिर, राम मन्दिर, गोगनपानी, शिव मन्दिर, सिद्धकाली मन्दिर, गणेश मन्दिर, ओमकारेश्वर मन्दिर, धनेश्वर, कोटेश्वर शिवशक्ति पिठ, ऋषेश्वर महादेव, बरण्डेश्वर महादेव, शिदेश्वर, पञ्चकन्या मन्दिर, बुढो महादेव थान, मनकामना मन्दिर, धयान केन्द्र, अग्नि होम आश्रम, केदारेश्वर महादेव, जल्पादेवी, कृष्ण प्रणामी मन्दिर, भिमसेन मन्दिर, मगर गुठी, रत्नलिङ गुम्बा, पेमालिङ गुम्बा, टासी छोइलिङ गुम्बा, हिसे गाउँपालिका भित्रका पर्यटकीय स्थलहरू हुन् । विभिन्न ऐतिहासिक, प्राकृतिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्त्वका स्थलहरू रहेका छन् । यो गाउँपालिकाका धार्मिक, पौराणिक महत्त्वका स्थलहरू प्रमुख पर्यटकीय आकर्षणको रूपमा रहेका छन् । यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रूपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू सिर्जना गर्न सकिने देखिन्छ ।

थप्ने

कुनै छओटाको वर्णन गर्ने

(ग). शिक्षण सिकाइ सामग्री

- स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलहरूसँग सम्बन्धित ब्रोसर, लेख, रचना, फोटो आदि ।
- श्रव्यदृष्य सामग्रीहरू, भिडियो, डकुमेन्ट्री आदि ।
- स्थानीय बुढापाका, संस्कृतिविद् तथा इतिहासविद्
- स्थानीय पर्यटकीय क्षेत्रहरूको फोटो, श्रव्यदृष्य सामग्री

(घ) सम्भावित सिकाइ सहजीकरण प्रकिया

विद्यालय नजिकको कुनै ऐतिहासिक वा धार्मिक भ्रमण गराइ त्यसको उत्पति, ऐतिहासिक तथा धार्मिक महत्वसहित त्यहाँ सञ्चालन हुने गतिविधि, पूजाआजा, मेलाजात्रा लगायतका विषयमा परिचय दिने । जस्तैः चुरियामाई, कालिका मन्दिर, राधाकृष्ण मन्दिर, राम मन्दिर, गोगनपानी, शिव मन्दिर, सिद्धकाली मन्दिर, गणेश मन्दिर, ओमकारेश्वर मन्दिर, धनेश्वर, कोटेश्वर शिवशक्ति पिठ, ऋषेश्वर महादेव, बरण्डेश्वर महादेव, सिद्धेश्वर, पञ्चकन्या मन्दिर, बुढो महादेव थान, मनकामना मन्दिर, ध्यान केन्द्र, अग्नि होम आश्रम, केदारेश्वर महादेव, जल्पादेवी, कृष्ण प्रणामी मन्दिर, भिमसेन मन्दिर, मगर गुठी, रत्नलिङ गुम्बा, पेमालिङ्ग गुम्बा, टासी छोइलिङ गुम्बा, हिसे घ्यासे टासिलिङ गुम्बा, द साँगा छोइफेल गुम्बा, लगायतका विभिन्न गुम्बा तथा स्थानीय चर्चहरू, मस्जिद आदि ।

- बुढो महादेव थान, मनकामना मन्दिर, ध्यान केन्द्र, अग्नि होम आश्रम, केदारेश्वर महादेव, जल्पादेवी, कृष्ण प्रणामी मन्दिर, भिमसेन मन्दिर, मगर गुठी, रत्नलिङ गुम्बा, पेमालिङ गुम्बा, टासी छोइलिङ गुम्बा, हिसे घ्यासे टासिलिङ गुम्बा, द साँगा छोइफेल गुम्बालगायतका विभिन्न गुम्बा तथा स्थानीय चर्चहरू, मस्जिद आदि स्थानीय चर्चलगायतका विभिन्न धार्मिक ठाउँहरूमा पूजा गर्ने तरिका, विशेष पुजाआजा विधि, त्यस क्षेत्रमा लाग्ने मेलालगायतका बारेमा उक्त ठाउँको जानकार व्यक्तिसँग छलफल गराउने ।

- स्थानीय जानकार व्यक्तिसँग ऐतिहासिक तथा धार्मिक ठाउँहरूको महत्त्व र प्रवर्धनका बारेमा अन्तरक्रिया गराउने ।

- विद्यार्थीलाई विद्यालय नजिकैको पर्यटकीय स्थल अवलोकन भ्रमण गराई वा फोटो देखाई वा त्यससम्बन्धी जानकार व्यक्तिसँग भेट गराउने र उक्त ठाउँको के महत्त्व छ, स्थानीय समुदायले कसरी उपयोग गरिरहेको छ र उक्त ठाउँलाई अझ राम्रो बनाउन के गर्न सकिन्छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने ।
  जस्तैः मोरङ्गे ताल, गणेश धारा, मनहरी पिस पार्क, रानी पोखरी, देवकोटा भ्यू टावर, रमौली पर्तापुर, ट्रि हाउस, शहिद स्मृति पार्क भिमान, गोगनपानी भ्यू टावर, विक्रम पर्ता जडीबुटी उद्यान, चिसापानी पिकनिक स्पोर्ट, चिसापनी गोही संरक्षण क्षेत्र आदि ।

- गाउँपालिका भित्र रहेका पर्यटकीय ठाउँहरूको प्रवर्धन र संरक्षणका लागि हामी विद्यार्थीले गर्न सक्ने कार्यहरूको सूची बनाई प्रस्तुत गर्ने ।
- स्थानीय परम्परागत पर्यटकीय क्षेत्रहरू, जात्राहरूको संरक्षण र प्रर्वधनका लागि हामीले गर्नुपर्ने कार्यहरूको सूची बनाई प्रस्तुत गर्ने ।
- विद्यालय नजिकको पर्यटकीय वा धार्मिक वा ऐतिहासिक क्षेत्रको भ्रमण गराई त्यहाँ गरिने क्रियाकलाप र त्यसबाट समाजमा हुने फाइदाहरूका बारेमा बताइदिने ।

(ङ) सम्भावित सिकाइ मूल्याङ्कन

**तलको क्रियाकलाप गराई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :**

- ऐतिहासिक, धार्मिक स्थलको महत्त्व र संरक्षणका उपायहरूबारे लेखेर प्रस्तुति दिन लगाउने ।
- बुढो महादेव थान, मनकामना मन्दिर, ध्यान केन्द्र, अग्नि होम आश्रम, केदारेश्वर महादेव, जल्पादेवी, कृष्ण प्रणामी मन्दिर, भिमसेन मन्दिर, मगर गुठी, रत्नलिङ गुम्बा, पेमालिङ गुम्बा, टासी छोइलिङ गुम्बाको संरक्षण र प्रवर्धनका लागि हामी विद्यार्थीले गर्न सकिने क्रियाकलापहरूको सूची बनाई प्रस्तुत गर्न लगाउने ।
- आफ्नो घर वा विद्यालय नजिकको ऐतिहासिक, धार्मिक स्थल अवलोकन गरी सोका आधारमा समूहगत परियोजना कार्य गर्न लगाई प्रस्तुत गर्न लगाउने ।
- विभिन्न ऐतिहासिक, पर्यटकीय क्षेत्रहरूको सचित्र वर्णन गर्न लगाउने ।
- मनहरी पिस पार्कको परिचय र फाइदाबारे लेखेर प्रस्तुत गर्न लगाउने ।

## एकाइ ४

| |
|---|
| विषय क्षेत्रः स्थानीय प्राकृतिक स्रोत, वातावरण संरक्षण, पानी र सिँचाइ |

वार्षिक कार्यघण्टा : २४

यस एकाइमा गाउँपालिका क्षेत्रभित्र भएका वनका प्रकारहरू छुट्याउन र व्यवस्थापन कसरी भइरहेको छ भन्नेबारेमा बताउन र वन्यजन्तुको संरक्षणमा विद्यार्थी र स्थानीयको भूमिका खोजी गरी संरक्षणका कार्यहरूमा सहयोग गर्न र स्थानीय क्षेत्रमा फोहोरमैलाले प्राकृतिक स्रोत र स्वास्थ्यमा पार्ने असरहरू बताउन र रोकथामका उपायहरू अवलम्बन गर्न सिकाउनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

(अ) गाउँपालिका क्षेत्रभित्र भएका वनका प्रकारहरू छुट्याउन र व्यवस्थापन कसरी भइरहेको छ भन्ने बारेमा बताउन

- वन्यजन्तुको संरक्षणमा विद्यार्थी र स्थानीयको भूमिका खोजी गरी संरक्षणका कार्यहरूमा सहयोग गर्न
- स्थानीय क्षेत्रमा फोहोरमैलाले प्राकृतिक स्रोत र स्वास्थ्यमा पार्ने असरहरू बताउन र रोकथामका उपायहरू अवलम्बन गर्न

(ख) विषयवस्तु

- वनको परिचय, प्रकार र महत्त्व -निजी वन, कबुलियती, धार्मिक,

गाउँपालिकाको कुल क्षेत्रफलको २९१५.७५ हेक्टर सामुदायिक वन, १७९.४१ हेक्टर कबुलियति वन, २४.६४ हेक्टर निजी वन रहेको छ । वन क्षेत्र समथल भू-भागदेखि चुरे पहाडसम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाइन्छ

**(क) सामुदायिक वन**

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागी बनाउने नेपाल सरकारको नीतिअनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालयमार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम भइरहेको छ । वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरेबमोजिम सामुदायिक वनको संरक्षण, संवर्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरू नै हुन्छन् । यो कार्यक्रम सुरुमा लागू हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरूमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो । तर अहिले

यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरूको गरिबी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेशीकरण, लैङ्गिक समानता, विशेष गरी महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहहरू समेत समावेश भएका छन् ।  यस कार्यक्रमले गरिबी न्यूनीकरणमा समेत सहयोग पुऱ्याएको छ ।

विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ । विगत केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ । बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदिका कारण र भइरहेको वन विनाशले चुरेको अवस्था अत्यन्त संवेदनशील भएको छ । त्यसैले गर्दा चुरे क्षेत्रका बस्तीहरूमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास सुरु हुन थालेको छ । सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरूप उजाड र मरुभूमिकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रूपमा संरक्षित भएका छन् । सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ । तसर्थ वनव्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ । उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ । दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ ।

**धार्मिक वन**

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रुपमा हस्तान्तरण गरिन्छ । गाउँपालिकाको विभिन्न भागहरूमा रहेका धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू भए तापनि त्यसको उचित संरक्षण र प्रर्वर्धन हुन नसकेको देखिन्छ ।

**सरकारद्वारा व्यवस्थित वन**

गाउँपालिकाको कुल वन क्षेत्र मध्ये गाउँपालिकामा सामुदायिक वन र धार्मिक वनको रुपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ ।

**निजी वन**

वन ऐन २०४९ मा प्रचलित कानुन बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाइएको हुर्काइएको वा संरक्षण गरिएको वनलाई निजी वन भनी व्याख्या गरेको छ ।

सरकारी तथा सार्वजनिक स्वामित्व नभएको व्यक्तिले आफ्नो निजी भोगचलन गर्दै आएको आफ्नै जग्गामा बोटविरुवा लगाई सोको संरक्षण गरीएको क्षेत्र वा बोटविरुवाको समूहलाई निजी वन भनिन्छ ।

पशुपालनमा कृषकहरूलाई घाँस स्याउला र दैनिक उपयोगको लागि काठ, दाउरा आदिको आवस्यकता परिपुर्ति गर्ने उद्देश्यको साथ आफ्नो जग्गामा बोटविरुवा, खेत बारीमा रुखहरू, पाखो पखेरामा वोटविरुवा लगाउने प्रचलन प्राचीन कालदेखि नै रहिआएको छ । दैनिक जीवनको आवश्यकतामा पर्ने भएकाले वन टाढा भएको क्षेत्र तथा अन्य क्षेत्रमा आफुलाई सहज हुने निजी जग्गामा वोटविरुवा लगाउने गरेको देखिन्छ । प्राचीन समयमा मानिसहरूले आफ्नो आवस्यकता परिपुर्तिको लागि बोटविरुवा लगाउने प्रचलन चल्दै आएको थियो भने हाल यो प्रचलन निजी वनको अवधारणाको रूपमा व्यापक विकास भएको छ । राष्ट्रिय वन क्षेत्र माथि पर्ने वन पैदावारको चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीतिअन्तर्गत सामुदायिक वनसँगै निजी वन कार्यक्रम समेत सञ्चालन भएको छ । मनहरी गाउँपालिकामा ६९ ओटा वन निजी वन जिल्ला वन कार्यालय मकवानपुरमा दर्ता भएका छन् । गाउँपालिकाको कुल क्षेत्रफलको २४.६४ हे. क्षेत्रफल निजी वनले ओगटेको छ । यी वनहरूमा विशेष गरी शिशौ, खयर, बास, साल, टिक जस्ता बोटविरुवाहरू लगाइएका छन् ।

मनहरी गाउँपालिकामा उष्ण र समशीतोष्ण प्रदेशीय जलवायु पाइन्छ । यस क्षेत्रमा साल, अस्ना, चाँप, खोटे सल्लो, चिलाउने, गोब्रे सल्लो, कटुस, उत्तिस, सिमल, खस्रु आदि जातका बोटविरुवाहरू पाइन्छन् । आयुर्वेदिक महत्त्वका दृष्टिकोणले उपयुक्त देखिएका कुरिलो, काउलो, सेतक चिनी, मजिठो, चिराइतो, वन लसुन, हलहले हलिक, तेजपात, हड्चुर, दार, पिप्ला,

पाखनवेद, गुर्जो लहरा, लोक्ता, सतुवा, रिट्ठा, दारुहल्दी, हर्रो, बर्रो, विषफेज, दालचिनी, छतिवन, टटेलो, लघुपत्र, कालो मुसली आदि बोट बिरुवा पाइन्छन् ।

यस गाउँपालिका क्षेत्रमा रहेका वनजगलहरूमा चितुवा, भालु, चित्तल, बँदेल, रतुवा लगायत अन्य किटपतङ्ग आदि प्रजातिका जीवहरू छन् । गाउँपालिकामा विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषतः कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग छ ।

## गाउँपालिकामा पाइने वन्यजन्तु

### (क) वन्यजन्तु

मनहरी गाउँपालिकामा प्रकारका स्तनधारी वन्यजन्तुहरू पाइन्छन् । यस गाउँपालिकामा पाइने प्रमुख वन्यजन्तुहरूमा चितुवा, भालु, बँदेल, बाँदर, बनमुसा, स्याल, सालक, बन बिरालो, रतुवा, खरायो, मलसाप्रो, ढेडु आदि हुन् ।

### (ख) चराचुरुङ्गी

यस गाउँपालिकामा पाइने चराचुरुङ्गीहरूमा मयुर, कालिज, ढुकुर, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, लामपुच्छ्रे, राजक छेग्रा, सारस आदि प्रमुख हुन् ।

### (ग) घस्रने जीवजन्तुहरू

यस गाउँपालिकामा पाइने घस्रने जीवजन्तुहरूमा घडियाल, मगर गोही, भित्ती, गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, वैरिकरेट, हरेउ, ढोडिया, सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, अन्य किटपतङ्ग आदि प्रमुख हुन् ।

### (घ) जलचर तथा उभयचर जीवहरू

यस गाउँपालिकामा माछाहरू, डल्फीन, ठोटेरा, गँगटा, भ्यागुतालगायतका जलचर र उभयचर जीवहरू पाइन्छन् ।

### (ङ) कीरा फट्याङ्ग्राहरू

गाउँपालिकामा पाइने कीरा फट्याङ्ग्रहरूमा मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, झुसिलो, बारुलो, उडुस, अरिङ्गाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे आदि हुन् ।

### (च) फूलका प्रजातिहरू

मनहरी गाउँपालिकामा सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, भालेफूल, पारिजात, लाहुरे चुवा, पलास, मसुन्डा आदि फुलका प्रजातिहरू पाइन्छन् ।

वन्यजन्तुको संरक्षणमा विद्यार्थी र स्थानीयको भूमिका

थप्ने

- फोहोरमैलाले प्राकृतिक स्रोत र स्वास्थ्यमा पार्ने असर र न्यूनीकरणका उपायहरू
  (घाउ, खटिरा, भाडापखाला, पानी प्रदूषण आदि, फोहोरको उचित व्यवस्थापन)

(ग). शिक्षण सिकाइ सामग्री





- स्थानीय क्षेत्रमा भएका वनहरूको सूची र वनका प्रकार सम्बन्धी चार्ट
- स्थानीय क्षेत्रमा पाइने वन्यजन्तुहरूको फोटा र परिचय तथा महत्व सम्बन्धी चार्ट
- वन्यजन्तुको संरक्षणमा स्थानीय समुदायले गर्नुपर्ने कार्यहरूको सूची, चार्ट, विभिन्न श्रव्यदृष्य

सामग्रीहरू

(घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

- मनहरी गाउँपालिका क्षेत्रमा भएका व्यवस्थापनका आधारमा वनका प्रकारहरूको सूची बनाइ छोटकरीमा वर्णन गर्ने । जस्तैः निजी वन, सामूदायिक वन, संरक्षित वन, धार्मिक वन आदि ।
- विद्यालय नजिकैको वन कार्यालय वा वनका पदाधिकारसिँग भेट गराई उक्त वनको व्यवस्थापन र संरक्षणका कार्यहरूबारे छलफल गर्ने ।
- वनबाट हुने फाइदाहरूको बारेमा छलफल गरी निष्कर्ष दिने ।
- वन्यजन्तुहरू संरक्षणका लागि स्थानीय स्तरमा गर्न सकिने क्रियालापहरूका बारेमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्ने ।
- स्थानीय क्षेत्रमा पाइने वन्यजन्तु संरक्षणका लागि विद्यार्थीहरूले गर्न सक्ने प्रयासहरूको सूची तयार गर्न लगाइ कक्षाकोठामा प्रस्तुत गर्न लगाउने । वन्यजन्तुहरूको शिकार गरेमा, मारेमा वा त्यसलाई असर गरेमा, बेचविखन गरेमा हुने कानुनी कारवाहीहरूबारे बताईदिने र स्थानीय विज्ञसँग छलफल गराउने ।
- फोहरमैलाको असरको  सूची चार्ट बनाइ प्रदर्शन र प्रश्नोत्तर गर्ने । (घाउ खटिरा, झाडापखाला, जुका, आँखा पाक्ने, वातावरण प्रदूषण आदि सँग सम्बन्धीत) फोहोरका कारण हाम्रो वातावरणमा पर्ने असरका बारेमा छलफल गर्ने ।

(ङ) सम्भावित सिकाइ मूल्याङ्कन

**तलका अभ्यास तथा कियाकलाप गराई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :**

- तपाइको घर वा विद्यालय वरिपरिका वनहरूको सूची तयार गरी प्रस्तुत गर्नुहोस् ।
- वनको महत्त्व बुँदागा रूपमा लेख्नुहोस् ।
- नजिकको वनको अवलोकन गरी त्यहाँ पाइने बोटबिरुवा र जीवजनावर सम्बन्धमा प्रतिवेदन तयार गनुहोस् ।

- वन्यजन्तु संरक्षणमा स्थानीय समुदायको भूमिका शीर्षकमा वक्तृत्वकलाको आयोजना गरी पालैपालो विद्यार्थीको धारणा राख्न लगाउनुहोस् ।
- स्थानीय क्षेत्रमा फोहोरमैलाले पार्न सक्ने असरहरू के के हुन् ?
- घरायसी फोहोरलाई कसरी व्यवस्थापन गर्न सकिन्छ होला ?
- विद्यालयमा काक्षाकोठामा निस्कने फोहोरको वर्गीकरण गरी व्यवस्थापन गर्न लगाउनुहोस् ।
- विद्यालयमा फुलबारी बनाउन लगाउनुहोस् ।

एकाइ ५

| विषय क्षेत्रः स्थानीय पेसा, व्यवसाय, प्रविधि र उद्यम | वार्षिक कार्यघण्टा : २० |
|---|---|

यस एकाइमा पशुपालन (गाईभैंसी पालन, बाख्रापालन, लोकल कुखुरा, हाँस पालन, माछा र बङ्गुर पालन) को सिप हासील गरी उपयोग गर्न र स्थानीय पहिलो उद्योग वा व्यवसायको परिचय र त्यसले समाजमा पुर्‍याएको योगदानबारे बताउन र पर्यटन व्यवसायको परिचय दिन विद्यार्थीलाई सिकाउनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

- पशुपालनको सिप हासिल गरी उपयोग गर्न
- स्थानीय पहिलो उद्योग वा व्यवसायको परिचय र त्यसको समाजमा योगदानबारे बताउन पर्यटन व्यवसायको परिचय दिन

(ख) विषयवस्तु

**पशुपालन**

घरपालुवा पशुहरूमध्ये गाई पाल्ने प्रचलन धेरै ठाउँमा पाइन्छ । गाई खासगरी दूधको लागि पालिन्छ । गाई पालन गर्ने तरिकाहरू निम्नानुसार छन् ।

(क) चराएर पाल्ने

गाईहरू चराएर पाल्ने तरिका जमिन प्रशस्त भएको ठाउँहरूमा प्रचलित छ । गाईहरू चराउने प्रयोजनका लागि चरन खर्कहरू छुट्टयाइन्छ ।  त्यस्ता खर्कहरूमा गाईवस्तु व्यवस्थित तरिकाले चराइन्छ । यस्ता चरन खर्कहरूमा उन्नत घाँसहरू लगाएर वा आफै उम्रेका घाँस र वनस्पतिहरूलाई जोगाएर राखिन्छ । यस्ता चरन खर्कहरू व्यक्तिगत वा समुदाय विशेषको पनि हुन सक्दछन् । यस प्रकारको पशुपालन व्यवयायमा पशुहरू पूर्ण रूपमा चरनमा नै निर्भर रहने गर्दछन् ।

(ख) चराउनुका साथै थप आहारा दिएर पाल्ने

यो तरिकाको पशुपालनमा पशुहरूलाई चराउनुका साथै थप केही कृषिजन्य पदार्थहरू मिसाएर तयार गरेको दाना र डालेघाँसहरू दिइन्छ । यसअन्तर्गत पशुलाई बिहान र बेलुका दुध दुहुने समयमा गोठमा बाँधिन्छ र दिउँसो चरनमा पठाइन्छ । पशुलाई प्रायजसो खुला चउर तथा वन जङ्गलको छेउछाउमा चराइन्छ ।

(ग) बँधुवा गरी पाल्ने

व्यवसायिक रूपले पशुपालन गर्दा यो तरिका अपनाइन्छ । यस तरिकाबाट पशुपालन गर्दा पशुहरूलाई गोठमा बाँधेर राखिन्छ र तिनलाई चाहिने आवश्यक घाँस, दाना पानीलगायत सबै सेवा बाँधेकै स्थानमा दिइन्छ । यसरी पशुपालन गर्न थोरै जमिन भए पनि हुन्छ तर कृषकमा पशुपालन व्यवस्थापनसम्बन्धी प्राविधिक ज्ञानको राम्रो जानकारी हुनु आवश्यक छ ।

## गाई फार्मका लागि गोठ र आहारा व्यवस्थापन

गाई गोठ बनाउने जमिनको छनोट गर्दा ध्यान दिनुपर्ने पक्षहरू निम्नानुसार उल्लेख गरिएका छन् :

-ओभानो,पारिलो, तुलानात्मक रूपले वरपरभन्दा केही अग्लो र सुरक्षित ठाँउमा गोठ बनाउनुपर्छ ।

-यातायात, बिजुली, पानी तथा बजारको उपलब्धता भएको स्थानमा गोठ बनाउनुपर्छ ।

--घाँस चरन नजिक भएको वा लगाउन सकिने ठाँउमा गोठ बनाउनुपर्छ ।

-जङ्गली जनावर नलाग्ने ठाँउमा गोठ बनाउनुपर्छ ।

-मलमूत्र खेतबारीमा लान नजिक हुने ठाँउमा गोठ बनाउनुपर्छ ।

प्राविधिक सेवा सुविधा, औषधी, दाना आदि उपलब्ध भएको स्थानमा गोठ बनाउनुपर्छ ।

विभिन्न उमेर र अवस्थाका पशुका लागि छुट्टाछुट्टै लम्बाइ, चौडाइ भएको बस्ने ठाउँको आवश्यकता पर्छ । पशुको किसिमका आधारमा गोठ बनाउनुपर्छ । धेरै साँगुरो ठाँउमा धेरै पशु राखेमा व्यवस्थापनमा कठिनाइका साथै अन्य रोगले पनि आक्रमण गर्न सक्छ ।

**गोठ निर्माण गर्दा ध्यान दिनुपर्ने पक्षहरू**

(क) बस्ने ठाउँ जमिनबाट एक हातजति माथि उठेको हुनुपर्छ ।

(ख) गाईगोठको चौडाइ ७ मिटर तथा लम्बाइ आवश्यकताअनुसारको बनाउनु पर्छ ।

(ग) बस्ने ठाउँ अगाडिदेखि पछाडिसम्म १:१०० को अनुपातमा भिरालो हुनुपर्छ ।

(घ) घाँसपात दिने डुंडको व्यवस्था हुनुपर्छ ।

(ङ) गोठ बनाउँदा मुत्र बगेर जाने नालीको व्यवस्था गर्नुपर्छ ।

(च) पिसाब आफै बगेर गई थुप्रने खाल्टो बनाउनुपर्छ ।

(छ) बस्ने ठाउँमा घाम वा प्रकाश छिर्ने बनाउनुपर्छ ।

(ज) ठण्डी ठाउँमा ताजा हावा खेल्ने झयाल तथा अन्यमा विना पर्खालको बनाउन सकिन्छ ।

(झ) गोबर (मल) थुपार्ने ठाउँ अलग र पशुभन्दा १० मिटर टाढा हुनुपर्छ ।

(ञ) बस्ने ठाउँ ओभानो र खाल्टाखुल्टी नभएको हुनुपर्छ ।

(ट) बाच्छाको लागि सानो टाँड बनाउनुपर्छ ।

(ठ) गोठ बनाउँदा ठाउँ र अवस्था हेरी चारैतिर वा दुईतिर खुल्ला राख्न सकिन्छ । जाडो ठाउँमा घामको प्रकाश आउनेतिर खुल्ला राख्नुपर्छ । ज्यादै जाडोमा झयाल राखी खोल्न र बन्द गर्न मिल्ने बनाउनुपर्छ ।

(ड) भुईको क्षेत्रफलको कम्तीमा १० प्रतिशत भेन्टिलेसन हुनैपर्छ ।

**गाईभैसींको लागि दाना**

गाईभैसीं पालनमा सन्तुलित आहारा खुवाउनु जरुरी छ । पौष्टिकताभन्दा पनि घरमा ढुटो,चोकर वा मकै आदि जहिले जे छ वा अनुकुल हुन्छ त्यो मात्रै खुवाउने चलन छ । यसरी खुवाउँदा पशुको लागि आवश्यक पर्ने सम्पूर्ण पौष्टिक तत्त्वहरू संन्तुलित रुपमा आपूर्ति हुन सक्दैन । किनकि प्रत्येक जीवित प्राणीहरूलाई स्वस्थ रहन, जीवन धान्न, हुर्कन, सन्तान वृद्धि गर्न तथा उत्पादन दिन सबै खालका पौष्टिक तत्त्वहरूको आवश्यकता पर्दछ । आहारामा हुने पौष्टिक तत्त्वलाई कार्बोहाइड्रेट, प्रोटिन, चिल्लो पदार्थ, भिटामिन, खनिज तथा पानी गरी ६ समूहमा विभाजन गरिएको छ ।सन्तुलित आहारामा यी ६ ओटै तत्त्वहरू ठिक-ठिक मात्रामा हुनु आवश्यक छ । गाईको आहारामा आवश्यक पर्ने प्रोटिन वा शक्ति केवल दानामा मात्रै नभई पौष्टिक घाँस तथा स्याउलाबाट पनि पाउन सकिन्छ ।

**कुखुरा पालन**

१. परिचय

कुखरा पालन मनग्य आम्दानी गर्न सकिने पेसा हो । यो रोजगारी भएका तर समय बचत गर्न सक्ने व्यक्तिका लागि पनि उपयुक्त हुन्छ । न्यून आय भएका अर्धबेरोजगार व्यक्तिका लागि थप आयआर्जन गर्न यो पेसा उपयुक्त हुन सक्छ । यो पेसा थोरै जग्गा तथा कम लगानीमै सञ्चालन गर्न सकिन्छ ।

२. खोरको व्यवस्थापन

कुखुरा पालनका लागि पानीको सहज निकास हुने बलौटे-दोमट माटो भएको ठाउँ उपयुक्त हुन्छ । अझ यसमा अग्लो खोर भए राम्रो हुन्छ । साना चल्ला हुर्काउने खोर ठुला हुनुपर्छ ।  फुल पार्ने अवस्थाका कुखुराको खोर अलि  टाढा हुनुपर्छ । यस्तो खोरको मोहडा पूर्व अथवा पश्चिम फर्केको हुनु उचित मानिन्छ । यस्तो खोरमा घाम, पानी, हुरी, बतासको समस्या कम हुन्छ । यो पर्खालको तलको एक फिट भाग इँटाको पक्की तथा माथिको भागमा जाली लगाउनु उचित हुन्छ । खोरको छानामा स्थानीय रूपमा उपलब्ध हुने खर, पराल, छ्वाली वा जस्तापाता जे प्रयोग गरे पनि हुन्छ । खोर वरिपरि रुख बिरुवा रोप्दा राम्रो हुन्छ । रुख बिरुवाले हावा, हुरी तथा अन्य प्रकोप रोक्न मद्दत गर्छ । एक चरणको कुखुरा उत्पादनपछि खोरलाई राम्रोसित सफा गर्नुपर्छ । पहिले प्रयोग गरिएका दाना-पानीका भाँडा, बिजुलीका सामान सबै धोइपखाली निर्मलीकरण तथा आवश्यक मर्मतसम्भार गर्नु बुद्धिमानी हुन्छ । खोर कतै बिग्रेको भत्केको भए मर्मत गर्नुपर्छ । त्यसैगरी खोरको तारजाली तथा झ्यालढोकामा आगोको झिल्कोले सेक्ने, पोल्ने र निर्मलीकरण गर्न बिर्सनु हुँदैन । चूनपानीले खोरको पर्खाल पोत्नु उपयुक्त हुन्छ । कुखुराका लागि प्रयोग हुने भाँडाकुँडा तथा अन्य उपकरण खोरभित्र राखी राम्ररी झ्यालढोका बन्द गरी निर्मलीकरण गर्नुपर्छ । यसरी निर्मलीकरण गरिएको खोरमा एक-दुई हप्तापछि मात्र नयाँ चल्ला भित्र्याउँदा राम्रो उत्पादन लिन सकिन्छ ।

३. चल्ला हुर्काउने बेलाको व्यवस्थापन

ब्रोइलर कुखुराका लागि खोरको ओस सोस्ने र कुखुरालाई आराम दिने खालको सोत्तर प्रयोग गर्नुपर्छ । सोत्तरका रूपमा काठको धूलो, धानको भूस, बदामको बोक्रा, छिमलेको घाँसका टुक्रा आदि प्रयोग गर्न सकिन्छ । खोरको भुइँमा बाक्लो सोत्तर राख्नुपर्छ । त्यसलाई पाँच पत्र न्यूज प्रिन्ट पेपरले छोप्नु उचित हुन्छ । ब्रुडरलाई खोरको मध्यभागमा राखी यसलाई एक फिट अग्लो घेराले बार्नुपर्छ । ब्रुडर र चल्ला रक्षा घेराबीचको दूरी दुई फिट हुनुपर्छ । ब्रुडरमा आवश्यकताअनुसार ४० देखि सय वाटसम्मका बिजुलीका बल्ब राख्नुपर्छ । ब्रुडरमा चल्ला राम्ररी विचरण गर्न सक्ने गरी राख्नु उपयुक्त हुन्छ । खोरमा चल्ला भित्र्याउनुभन्दा २४ घण्टाअगाडि ब्रुडरमा बत्ती बाली खोरको तापक्रम ९०–९५ डिग्री फरेनहाइट राख्नुपर्छ । हावाहुरीबाट जोगाउन झ्यालढोकामा जुटको बोरा वा पोलिथिनको पर्दा प्रयोग गर्नुपर्छ । खोरको माथिल्लो तहको हावा

निकास हुने ठाउँ खुला राख्नुपर्छ । यसो गर्दा खोरमा जम्मा भएको हानिकारक ग्यास बाहिर जान्छ र सोत्तर पनि सुक्खा हुन्छ । सुरूका दुई दिन एक सय चल्लाका लागि पाँच सय ग्राम मकैको च्याँख्ला वा दाना दिनुपर्छ ।

४. खोरमा तापक्रम, प्रकाश र दानापानी व्यवस्थापन

खोरमा पहिलो तीन दिन चौबीसै घण्टा बत्तीको प्रकाश हुनुपर्छ । त्यसपछि दैनिक एक घण्टाका दरले विक्री गर्ने उमेर नपुगिन्जेल समय घटाउँदै जानुपर्छ । कुखुराको खोरमा पहिलो चार हप्ता प्रति २ सय वर्गफिटका लागि ४० वाटको बल्ब प्रयोग गर्नुपर्छ । त्यसपछि २५ वाटको बल्ब प्रयोग गरे हुन्छ । तापक्रम पहिलो हप्ता ८०-९० डिग्री फरेनहाइट राख्ने र त्यसपछि क्रमश घटाउँदै जानुपर्छ । चार हप्ता पार गरेका कुखुरालाई कुनै थप तापक्रम आवश्यक पर्दैन । कुखुरालाई दानापानी खुवाउन धातु वा प्लाष्टिकाका भाँडा प्रयोग गर्न सकिन्छ । यस्ता भाँडा कुखुरा हुर्कंदै जाँदा सतह माथि उठाउन सकिने हुनुपर्छ । यसबाट दानाको कम क्षति हुन्छ । ब्रोइलर कुखुरालाई नियमित अवधि, उमेर र स्वास्थ्य स्थितिअनुसार दाना दिनु उचित हुन्छ । बजारबाट दाना खरिद गर्दा भरपर्दो, विश्वसनीय तथा प्राविधिक सल्लाह र क्षतिपूर्तिसमेत दिने दाना उद्योग वा आपूर्तिकर्तासँग लिनु बुद्धिमानी हुन्छ । कुखुरा छिटो उत्पादन गर्नका लागि गुणस्तरीय दाना प्रयोग गर्नुपर्छ ।

५. स्वास्थ्य व्यवस्थापन

आफूले कुखुरा पाल्ने क्षेत्रमा खोप लगाउनुपर्ने खालका रोगको सम्भाव्यता अध्ययन गरी खोपको व्यवस्था गर्नुपर्छ । कुखुराको उमेरअनुसार मिल्ने गरी खोप लगाउनुपर्छ । खोप नलगाएमा कुखुरालाई रानीखेत, गम्बोरो, लिचीजस्ता रोग लाग्न सक्छ । यस्तो कुरामा विशेष ध्यान पुर्‍याउन आवश्यक छ । खोर वरिपरि न्यूनतम जैविक सुरक्षाका उपाय अवलम्बन गर्नुपर्ने हुन्छ । खोर वरिपरिको सफाइ गर्दा नियमित चूनपानी छर्नुपर्छ । आफ्नो खोरमा भुस्याहा कुकुर, काठेहाँस, कुखुरा तथा अन्य चराचुरुङ्गी आउन दिनुहुँदैन ।

थप्ने

पहिलो उद्योग वा व्यवसायको परिचय र त्यसले समजमा पुर्‍याएको समाजमा योगदान

पानीघट्ट वा कुनै घरेलु उद्योग)

पर्यटन व्यवसायको परिचय

(ग). शिक्षण सिकाइ सामग्री

- विभिन्न पशुपालनको तरिका र उपयोगितासहितको फोटो, चित्र
- गाई, भैंसी, कुखुरा, माछा, बाखापालन, टर्की, हाँस, कुखुरा र बङ्गुरपालनसम्बन्धी भिडियो, वृत्तचित्र, पोस्टर आदि
- स्थानीय क्षेत्रमा भएका उद्योगको परिचयसम्बन्धी लेख, रचना, ब्रोसर, फोटो, भिडियो आदि

(घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

- स्थानीय स्तरमा पशुपालनसँग सम्बन्धित विभिन्न उत्पादनहरूको सूची बनाई त्यसको उपयोग, फोटोसहित प्रस्तुत गर्ने । जस्तैः दुध, घिउ, माछामासु, अण्डा, रौं, छाला आदि ।
- पशुपालनसम्बन्धी सिपको विकास गर्न त्यससम्बन्धी भिडियो वा वृत्तचित्र प्रर्दशन गर्ने ।
- गाउँपालिकाभित्र भएका कृषि पकेट क्षेत्रहरूको परिचय र उत्पादन बारे छलफल गरी निष्कर्ष दिने ।
- विद्यालय नजिकैको कृषि (कुखुरा, माछा, बाखा वा बङ्गुर) फर्मको अवलोकन गरी पशुपालन सम्बन्धी त्यहाँका जानकार व्यक्तिसँग छलफल गर्ने ।
- स्थानीय क्षेत्रमा भएका विभिन्न उद्योग व्यवसायहरूको सूची बनाई छोटो परिचयसहित प्रस्तुत गर्ने । जस्तैः दुध डेरी, होटल, लज, कपडा/गलैंचा बुन्ने, टपरी बुन्ने, उखु पेल्ने कोल आदि ।
- गउँपालिका क्षेत्रमा भएको पुरानो उद्योगको खोजी गरी त्यसको परिचय दिन वा प्रत्यक्ष देखाउने वा वृत्तचित्र प्रस्तुत गर्ने ।

  कुनै एक स्थानीय उद्योगको अवलोकन भ्रमण गराई त्यसको उत्पादन र आर्थिक फाइदा सम्बन्धी सम्बनधित उद्योगीसँग अन्तरक्रिया गराउने ।

- स्थानीय क्षेत्रमा पर्यटकीय गतिबिधिहरूको सूची प्रस्तुत गर्ने ।

- पर्यटनको परिचय दिई त्यसको प्रकार, महत्व र आर्थिक क्रियाकलापमा पर्यटनको भूमिका सम्बन्धी छलफल गर्ने ।

- विद्यालय नजिकको कुनै एक पर्यटकीय स्थलको भ्रमण गराई त्यहाँ आउने पर्यटकहरूको बारेमा जानकारी लिने र उक्त कार्यबाट स्थानीय समुदायमा पुगेको फाइदा वा बेफाइदाहरूका बारेमा स्थानीयसँग छलफल गराई निष्कर्ष दिने ।

(ङ) सम्भावित सिकाइ मूल्याङ्कन

**तलका कियाकलाप तथा अभ्यास गराई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :**

- आफ्नो गाउँघर तथा बस्ती वरिपरि गरिने पशुपालनको सूची बनाउनुहोस् ।
- माछापालन गर्ने तरिका बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।
- कुखुरापालन माछापालन गर्ने तरिका वर्णन गर्नुहोस् ।
- विद्यालय नजिकैको कुनै एक कुखुरापालन केन्द्र, माछापालन केन्द्र वा बङगुरपालन केन्द्रको अवलोकन गर्नुहोस् । उक्त केन्द्रको स्थापना मिति,
- आफ्नो विद्यालय नजिक वा टोलबस्तीमा भएका स्थानीय व्यवसाय वा उद्योगहरू को सूची बाट उत्पादित सामानहरूको नाम र उपयोगिता लेख्नुहोस् ।
- स्थानीय दुध डेरीको परिचय र त्यसबाट हुने फाइदा र बेफाइदा तलको तालिकामा लेख्नुहोस् :
  परिचय :

| फाइदा | बेफाइदा |
|---|---|
| | |
| | |
| | |
| | |

- स्थानीय पर्यटकीय क्षेत्रहरूको सूची बनाई त्यहाँ हुने पर्यटकीय क्रियाकलापहरू उल्लेख गर्नुहोस् ।
- तपाईँको गाउँपालिकामा भएको कुनै एक पर्यटन व्यवसायको परिचय दिनुहोस् ।

एकाइ ६

विषय क्षेत्र: स्थानीय खेलकुद र भोजन

वार्षिक कार्यघण्टा : १६

यस एकाइमा स्थानीय खेल, योग व्यायामको महत्वबोध गरी खेलहरू खेल्न र योग, व्यायाम गर्न र स्थानीय क्षेत्रमा उत्पादित सन्तुलित भोजनको परिचय दिन गराउनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

- स्थानीय खेल, योग व्यायामको महत्वबोध गरी खेलहरू खेल्न र योग, व्यायाम गर्न
- स्थानीय क्षेत्रमा उत्पादित सन्तुलित भोजनको परिचय दिन

(ख) विषयवस्तु

**खेलकुदको महत्त्व**

खेलकुदले मानव स्वास्थ्यका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । शारीरिक व्यायाम व्यक्तिका लागि अनिवार्य छ । खेलकुद क्षेत्रको विकासले सामाजिक एकता र समृद्धिको आधारशिला तयार हुन्छ । त्यसैले गाउँपालिकाले खेलकुद विकासका लागि ठोस नीति र कार्यक्रम बनाएर अगाडि बढन आवश्यक देखिन्छ । खेलकुदको माध्यमबाट विश्वमा जोडिने र गाउँपालिका तथा देशको गौरव बढाउने कार्यमा सबैको ध्यान पुग्नुपर्छ । खेल मानव जीवनको एक महत्त्वपूर्ण अङ्ग हो । आजभोलि खेललाई स्वास्थ्यसँग जोडेर हेर्ने गरिन्छ । खेलको महत्त्व र त्यसका लाभलाई बुझेर खेलप्रति सबै उमेरका व्यक्तिहरू सामेल र सहभागी हुन्छन् । यो एउटा सकारात्मक पाटो हो । खेलकुद क्षेत्र क्रमशः व्यवसायिकतातर्फ उन्मुख हुँदै गएको छ । स्वास्थ्य र मनहरी गाउँपालिकाको गौरवसँग जोडिएको खेलकुदको विकासमा जोड दिन सके मात्र भविष्य उज्वल हुनेछ । यो वस्तुगत

धरातललाई आत्मसाथ गर्दै खेल क्षेत्रको विकासका लागि सबै जुट्नु आवश्यक छ । समृद्धिको आधार पनि खेलकुदको विकास हो । आर्थिक विकास, सुशासन, शान्ति र समृद्धि खेलकुदमार्फत हासिल गर्न सकिन्छ। खेलकुद विकासका लागि सबैले हातेमालो गर्दै एकजुट हुनु जरुरी छ।

## योग

योग वैदिककालदेखि नै अभ्यास गरिँदै आएको पाइन्छ। यो परम्परागत जीवन पद्धतिसँग जोडिएर आएको छ। स्वस्थ जीवनशैलीका लागि खानपान, स्वस्थ अवस्था, आराम, व्यायाम, योग र ध्यान आवश्यक हुन्छ । यिनको अभ्यासले शारीरिक मानसिक र आत्मिक स्वास्थ्यलाई सुदृढ बनाउँछ । योग वास्तवमा शारीरिक लचकता एवम् बल प्रदान गर्ने, श्वासप्रश्वासमा सुधार गर्ने र मन मष्तिष्कलाई आराम दिने व्यायाम हो ।

## ध्यान

ध्यान, चेतन मनको एक प्रक्रिया हो । यसमा व्यक्तिले आफ्नो चेतना बाह्य जगतको कुनै एक विशेष कुरामा केन्द्रित गर्छ । कुनै एक विचार वा छवीमा मनलाई निरन्तर स्थिर गर्ने कार्यलाई ध्यान भनिन्छ।

### योग र ध्यानको महत्त्व

योग शारीरिक मानसिक र आध्यात्मिक अभ्यास वा अनुशासनको एक समूह हो । शरीर स्वस्थ राख्न योग आवश्यक छ । मानिस स्वस्थ रहन शारीरिक, मानसिक र सामाजिक अवस्थामा पनि स्वस्थ हुनुपर्छ । यसरी शारीरिक, मानसिक र सामाजिक हिसाबले स्वस्थ बनाउने एक उपाय भनेको योग र ध्यान नै हो । योगले शारीरिक र मानसिक अवस्था ठीक राख्छ । शारीरिक र मानसिक अवस्था राम्रो भयो भने मानिस समाजमा आफ्नो अस्तित्वको पहिचान दिन सक्छ।

योगका कारण औषधीद्वारा निको नभएका रोगहरू पनि निको पार्न सकिन्छ। यदि औषधिको सेवन गरेमा त्यसको असर देखिन सक्छ तर योग गरेमा त्यसको असर वा बेफाइदा हुँदैन । योग गर्ने बानी बसाल्न सकियो भने हामीहरूको शारीरिक र मानसिक अवस्था राम्रो हुने देखिन्छ।

योगले तन र मनमा फूर्ति आउँछ। योगका कारण विचार स्वच्छ हुन्छ। योग गरियो भने तनाव, लत, रोग सबैको सदाका लागि निवारण गर्न सकिन्छ । योगका कारण शरीरको शक्ति बढ्छ । शरीरको मांशपेसीको शक्ति बढाउँछ । योगका कारण शरीरको ऊर्जा बढाउँछ । नियमित योग गरेमा शरीरका महत्त्वपूर्ण अङ्गहरू जस्तैः मुटु तथा रक्तसञ्चार प्रणाली, मृगौला तथा मूत्र

प्रणाली, पाचन प्रणाली, श्वासप्रस्वास प्रणालीलाई स्वस्थ र नियमित कार्य गर्न सहज गराउँछ । योगले गर्दा मानव जीवनमा आइपर्ने सबै स्वास्थ्य समस्याहरूलाई निवारण गर्न ठूलो भूमिका खेलेको हुन्छ र शरीरको प्रतिरोधात्मक शक्ति पनि बढाउन सहयोग गरेको हुन्छ । नियमित योग गर्ने मानिस स्वस्थ, तनावमुक्त, तन्दुरुस्त देखिन्छन् । यस्तो अवस्थामा योगसाधना गरेमा रोग प्रतिरोधात्मक शक्ति बढ्नुका साथै तनाव पनि हराउँछ ।

मानिसको मनमा डर, त्रास, तनावको वातावरण सिर्जना भएको छ भने योग साधना गर्न सकेमा मनमा डर त्रास र तनावको वातावरण हटी खुसीसाथ रमाउन सकिन्छ । यस्तो समयमा योग गरियो भने मानिसको जीवनशैली नै बदलिन्छ । जुन दिन योगको अभ्यास गरिन्छ त्यो दिनभरि मन शान्त हुन्छ । विचलित मन र विचारलाई शान्त बनाउने, शरीरलाई स्वस्थ राख्ने एक मात्र उपाय भनेको योग र साधना हो । योग गरेमा जीवनलाई नयाँ रूप दिन सकिन्छ । योग र ध्यानको उपाय स्वस्थ बन्नका लागि उचित उपाय हो । स्वस्थ जीवन शैलीका लागि योग र ध्यान आवश्यक हुन्छ । त्यसैले योग र ध्यानको अभ्यास गर्नुपर्छ । यसरी योग र ध्यान गरेमा भने मानिस स्वस्थ बन्न सक्छ ।

**ध्यानको महत्त्व**

ध्यान गर्नाले निम्नलिखित फाइदा हुन्छन् :

(क) एकाग्र हुनसक्ने क्षमताको विकास हुन्छ ।

(ख) तनावबाट मुक्ति र थकानबाट राहत मिल्छ ।

(ग) मन शान्ति हुन्छ

(घ) आफू र आफ्नो जीवन तथा अरूका बारेमा राम्रो सुझबुझ राख्न सहयोग पुग्छ ।

(ङ) सकारात्मक मनोभावमा वृद्धि हुन्छ ।

यो सकारात्मक परिणाम ल्याउने साधन हो । ध्यानले संवेगात्मक कमीकमजोरीबाट मुक्त हुन सहयोग गर्छ ।

**थप्ने**

स्वस्थ भोजन र फाइदाहरू

(ग). शिक्षण सिकाइ सामग्री

- स्थानीय क्षेत्रमा प्रचलित विभिन्न खेलहरूको सूची, ब्रोसर, फोटो
- खेल खेल्ने र विभिन्न योगका तरिकाबारे जानकारी चार्ट वा श्रव्यदृष्य सामग्री
- खानाका विभिन्न परिकारहरूको सूची, फोटो र महत्त्वसम्बन्धी श्रव्यदृष्य सामग्री

(घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

- स्थानीय क्षेत्रमा खेलिने खेलहरूको महत्त्वको सूची तयार पारी कक्षामा प्रस्तुत गर्ने । जस्तैः परम्परागत अभ्यास, शारीरिक तन्दुरुस्ती आदि ।

- दौड, मर्निङ्ग वाक, पिटी लगायतका शारीरिक अभ्यासहरूको महत्त्व र फाइदासम्बन्धी छलफल गरी निष्कर्ष दिने ।

- सूक्ष्म व्यायामको भिडियो देखाउने, शिक्षकले गरेर देखाउने र विद्यार्थीहरूलाई अभ्यास गराउने ।

- योग ध्यानका फाइदाहरूबारे चर्चा गर्ने(शारीरिक तथा मानसिक फाइदा) स्थानीय विज्ञको सहयोगमा विभिन्न योग व्यायामहरू गराउने ।

- स्थानीय क्षेत्रमा उत्पादित र तयार पारिएका खानाहरूको महत्त्व बताउने । जस्तैः स्वच्छ हुन्छ, स्वस्थ हुन्छ, किन्नलाई धेरै महंगो पर्दैन आदि ।

- कस्तो खानालाई स्वस्थ खाना भनिन्छ भन्नेबारेमा छलफल गर्ने । जस्तैः सफा, ताजा, धेरै तेलयुक्त नभएको, राम्ररी पाकेको, स्थानीय क्षेत्रमा उत्पादित सागसब्जीहरू आदि ।

(ङ) सम्भावित सिकाइ मूल्याङ्कन

त्लका अभ्यास र कियाकलाप गराई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् ।

- स्थानीय क्षेत्रमा खेलिने खेलहरूको महत्त्व उल्लेख गर्नुहास् ।
- योग ध्यानका फाइदा के के हुन् ?
- कुनै दुईवटा स्थानीय खेलहरूको प्रतिस्पर्धा गराउने ।
- सामान्य योगका आसनहरू गर्न लगाउने र विद्यार्थीको प्रदशर्नीका आधारमा मूल्याङ्कन गर्ने ।
- कस्तो खानालाई स्वस्थ खाना भनिन्छ ?
  - स्वस्थ खानाका फाइदाहरू लेख्नुहोस् ?

एकाइ ७

विषय क्षेत्र : सडक सुरक्षा र प्रकोप न्यूनीकरण

वार्षिक कार्यघण्टा : ८

यस एकाइमा सडक सुरक्षाका लागि ट्राफिक चिह्नहरूको महत्त्व बोध गरी उपयोग गर्न सिकाउनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

सडक सुरक्षाका लागि ट्राफिक चिह्नहरूको महत्त्व बोध गरी उपयोग गर्न


(ख) विषयवस्तु

ट्राफिक चिह्नहरूको उपयोग र महत्त्व

ट्राफिक नियम सडक सुरक्षा सम्बन्धी नियम हो । यसले सडकको प्रयोग गर्दा वा यात्रा गर्दा अपनाउनु पर्ने सावधानीका सम्बन्धमा जानकारी दिन्छ । विभिन्न सङ्केत र नियमको जानकारी भएमा र सोको पालना गरेमा सडक दुर्घटना हुनबाट बच्न सकिन्छ ।

**ट्राफिक लाइटहरू**

रातो बत्ती बलेपछि तपाईंको गाडीलाई स्टप लाइन वा क्रस हिड्ने पछाडि पूर्ण रूपमा रोक्नुहोस् । बत्ती हरियो नभएसम्म पर्खनुहोस् । पहेँलो बत्ती सावधानको हो । यदि तपाईं क्रसिङमा प्रवेश गर्नुभयो र प्रकाश पहेँलोमा परिणत भयो भने धेरै सावधानीपूर्वक अगाडि बढ्नुहोस् । यदि तपाईंले क्रसिङमा प्रवेश गर्नु अघि पहेँलो बत्ती देख्नुभयो भने गाडीलाई स्टप लाइन वा क्रस हिड्ने पछाडि रोक्नुहोस् र हरियो बत्ती बलेपछि सावधानीपूर्वक क्रसिङमार्फत् जानुहोस् ।




**ट्राफिक नियम पालना गर्दा हुने फाइदाहरू निम्नानुसार छन् :**

(क) व्यक्तिको सुरक्षा हुन्छ ।


(ख) सवारी साधन व्यवस्थापन गर्न सहज हुन्छ ।

(ग) दुर्घटनामा कमी आउँछ ।

(घ) नियम कानुनको पालना हुन्छ ।

(ङ) जनधनको क्षति कम हुन्छ ।

## आदेशमूलक तथा प्रतिवन्धात्मक ट्राफिक चिन्हहरू
## REGULATORY OR MANDATORY TRAFFIC SIGNS


रोक र जान देऊ


दाहिने मोड्न निषेध


प्रवेश निषेध



सवारी भार सीमा



अधिकतम गति


बायाँ मोड्न निषेध



सवारी उचाई सीमा



पार्किङ्ग निषेध



रोक, हेर र जाऊ


उछिन्न निषेध



एक्सल भार सीमा



सवारी लम्बाई सीमा


ट्रक निषेध


यु टर्न निषेध


रोक्न निषेध


मोटर सवारी
निषेध



गति सीमा समाप्त


अगाडी गएर बायाँ मोड
(दाहिने, यदि चिन्ह अर्को
तर्फ भएमा)


सिधा मात्र जाऊ



जाऊ (अस्थायी चिन्ह)


एक तर्फी सवारी


बायाँ मोड (दाहिने, यदि
चिन्ह अर्को तर्फ भएमा)


सीमा समाप्त



रोक (अस्थायी) चिन्ह


कुनैतिर बाट जाऊ



मुल सडक या गोल
घुम्तीमा चल्नेलाई पहिले
जान देउ


सानो गोल घुम्ती
(दाहिनेबाट आउने
सवारीलाई जान देऊ)


बायाँ च्याप (दाहिने, यदि
चिन्ह अर्को तर्फ भएमा)

**अभ्यास**


१. तल दिइएका जानकारीमूलक ट्राफिक चिह्नहरूका सङ्केत अध्ययन गर्नुहोस् र यसको उपयोग उल्लेख गर्नुहोस् ।



२. ट्राफिक नियम पालना गर्दा हुने फाइदाहरू लेख्नुहोस् ।

३. चेतावनीमूलक ट्राफिक चिह्नहरूका सङ्केत अध्ययन गर्नुहोस् र यसको आवश्यकता र महत्त्व दर्शाउनुहोस् ।

# चेतावनीमूलक ट्राफिक चिन्हहरू
# WARNING TRAFFIC SIGNS



चौबाटो (अगाडी शाखा सडक)

चौबाटो अगाडी (मूल सडक)

दाहिने शाखा सडक (बायाँ यदि चिन्ह अर्को तर्फ भएमा)

पदयात्रीले बाटो काट्ने ठाउँ



गोल घुम्ती

दाहिने मोड (बायाँ, यदि चिन्ह अर्को तर्फ भएमा)

दाहिने पुरा मोड (बायाँ, यदि चिन्ह अर्को तर्फ भएमा)

दोहोरो मोड, पहिले बायाँ (दाहिने, यदि चिन्ह अर्को तर्फ भएमा)



दुवैतिरबाट साँगुरिएको सडक

दाहिनेतिरबाट सांगुरिएको सडक (बायाँ, यदि चिन्ह अर्को तर्फ भएमा)

जाँच चौकी

साँगुरो पुल




अगाडी दुई तर्फी बाटो (दाहिने-बायाँ)

अगाडी दुई तर्फी बाटो (सिधा)

अगाडी उचाई सीमा

बढी ओरालो



दोहोरो सडक समाप्त

पाल्तु जनावर

अगाडि बाटोमा पदयात्रीहरू

कम उचाईमा विमानहरू




टी-जंक्शन

वाई-जंक्शन

दाहिनेबाट सवारी आउन सक्छ

बायाँबाट सवारी आउन सक्छ



खतरनाक दबेको बाटो

ट्राफिक संकेत

उठेको बाटो

रेल गाडी (गेट नभएको)



बढी उकालो

गिट्टी उछिट्टिन सक्ने

नदीको किनार

एक पछि अर्को दोबाटोहरू, (चिन्ह अर्को तर्फ हुन सक्ने)




चिप्लो बाटो

खतरा

खतरनाक बाधा

अस्थायी सडकको दिशा




टी-जंक्शन (दाहिने वा बायाँ मोड)

तीखो मोड (अस्थायी बाटो)

अगाडी अस्थायी सडक

खतरनाक बाधा

तल दिइएका ट्राफिक सङ्केतहरू अध्ययन गरी तिनको उपयोग गरौँ :



(ग). शिक्षण सिकाइ सामग्री

ट्राफिक सङकेतहरूसम्बन्धी फोटो, भिडियो, पोष्टर

(घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

- विद्यार्थीहरूलाई सडक र सवारी सुरक्षाका लागि हामीले अपनाउनुपर्ने कार्यहरू र सवारी चालकले अपनाउनुपर्ने कार्यहरूको बारेमा जानकारी गराउने । जस्तैः मादक पदार्थ सेवा गरेर सवारी नचलाउने, सवारी चलाउनु अगाडी राम्ररी चेकजाँच गरेर मात्र चलाउने, धेरै द्रुत गतिमा सवारी नचलाउने, सडकमा जथाभावी नखेल्ने, गाडीमा नझुन्डिने आदि ।

- विद्यार्थीहरूलाई ट्राफिक नियम र सङ्केतहरू सम्बन्धी चित्रसहित बताउने । जस्तैः (रोक, जाऊ, दाँया, बाँया, जेब्राकस, रातो बत्ती, हरियो बत्ती आदि)

- सडक सुरक्षासम्बन्धी सडक नाटक प्रस्तुत गर्ने, स्थानीय ट्राफिक प्रहरीसँग अन्तरक्रिया गर्ने ।

- सडक सुरक्षासम्बन्धी भिडियो प्रस्तुत गर्ने ।

(ङ) सम्भावित सिकाइ मूल्याङ्कन

तलका क्रियाकलाप गराई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :

- विभिन्न ट्राफिक सङ्केतहरू बनाई प्रस्तुत गर्न लगाएर
- सडक र सवारी सुरक्षाका लागि गर्न सकिने कार्यहरूको सूची बनाई प्रस्तुत गर्न लगाएर ।
- गाडी आवतजावत धेरै हुने ठाउँमा बाटो काटेको अभिनय गर्न लगाएर ।
- सडक र सवारी सुरक्षाका लागि सवारी चालकले अपनाउनुपर्ने सावधानीबारे लेख्न लगाएर

एकाइ ८

विषय क्षेत्र : स्थानीय सेवामूलक सङ्घसंस्था र समाजसेवी व्यक्ति

वार्षिक कार्यघण्टा :८

यस एकाइमा विद्यालयमा भएका बाल क्लव, स्काउट र रेडक्रसको परिचय दिन र उक्त संस्थाहरूले गर्ने कार्यहरूबारे बताउन तथा कार्यहरूमा सहभागिता जनाउन  सिकाउनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

विद्यालयमा भएका बाल क्लव, स्काउट र रेडक्रसको परिचय दिन र उक्त संस्थाहरूले गर्ने कार्यहरूबारे बताउन तथा कार्यहरूमा सहभागिता जनाउन

(ख) विषयवस्तु

**बाल क्लब**

सामान्यतया बालबालिकाको हकहितका लागि बालबालिकाद्वारा खोलिएका सङ्गठन वा संस्था नै बाल क्लब हो । बाल क्लब भनेको एउटा बालबालिकाको सङ्गठन हो । कम्तीमा २५ जनाभन्दा बढी बालबालिकाले आफ्ना साझा उद्देश्यका लागि स्थापना गरिएको सङ्गठनलाई बाल क्लब भनिन्छ । यस्तो सङ्गठन प्रायः कानुन तथा नियमबमोजिम स्थापना गरिनुपर्छ । सरकारले तोकेको कार्यालयमा दर्ता गरिएको हुनु पर्दछ ।

बालक्लवका प्रकार

- समुदायमा आधारित बालक्लब
- विद्यालयमा आधारित बालक्लब
- विषयगत तथा विशेष बालक्लबहरू
- बाल समूह सञ्जालहरू

विद्यालय तथा समुदायस्तरमा सङ्गठित बालक्लवहरूको भूमिका निम्नानुसार रहेको छ :

**(क) बालबालिकाको वचावट**

- ❖ बालबालिकाको सुरक्षित जन्मन पाउने अधिकार
- ❖ सबै बालबालिकाले आवश्यक खोपहरू पाउनका लागि बालक्लबको तर्फबाट स्वयम्सेवकको भूमिका, प्रचार प्रसार गर्ने काम

- ❖ बालबालिकालाई बाँच्नका लागि मद्दत गर्ने खाना, मौसम अनुसारको कपडा, सफा र शुद्ध पिउने पानी आदिका लागि चेतनामूलक कार्यक्रमहरू
- ❖ घरभेट सञ्चालन गर्ने घरदैलो कार्यक्रम ।

**(ख) बालसंरक्षण**

- ❖ बालबालिकाहरूमाथि घर, विद्यालय र समाजमा यातना, कुटपिट र दुर्व्यवहार गर्न नहुने
- ❖ द्वन्द्व तथा राजनीतिक प्रयोजनका लागि बालबालिकाको प्रयोग गर्न नहुने
- ❖ बालबालिकाको बेचबिखन, अपहरण, श्रमशोषण र यौनशोषण गर्न नहुने
- ❖ बालबिवाह गर्न नहुने
- ❖ सबै बालबालिकाको जन्मदर्ता सुनिश्चित गर्नुपर्ने
- ❖ जोखिमपूर्ण श्रममा बालबालिकाको प्रयोग गर्न नहुने

(ग) बालबालिकाको विकास

- ❖ सबै बालबालिका विद्यालय भर्ना भई पढ्ने सुनिश्चितता
- ❖ विद्यालयमा भर्ना भएका बालबालिका कक्षा पूरा गर्ने सुनिश्चितता
- ❖ बालबालिकाको लागि पर्याप्त स्वास्थ्य र सरसफाइसम्बन्धी सेवा, औषधी, शौचालय, पिउने पानी व्यवस्था
- ❖ बालबालिकाको लागि पर्याप्त खेल र मनोरञ्जनको व्यवस्था
- ❖ पोषणयुक्त खाना आदिको व्यवस्था

घ) बालसहभागिता

- ❖ बालबालिकासँग सम्बन्धित भएको नीतिनिर्णय, योजना तर्जुमा तथा कार्यान्वयनको प्रक्रियामा बालबालिकाहरूको सहभागिता
- ❖ धार्मिक, सांस्कृतिक, सामाजिक कार्यहरूमा बालबालिकाहरू सहभागिता
- ❖ बालबालिकाहरूको विचार र भावनाको कदर
- ❖ बालक्लबहरूको सञ्चालनमा सबै लिङ्ग, जाति, वर्ण, धर्म, क्षेत्रका बालबालिकाहरूको सहभागिता
- ❖ बालअधिकारका विषयसँग सम्बन्धित कार्यक्रमहरूमा सबै बालबालिकाले समान रूपमा भाग लिन पाउने अवसर

❖ बिना रोकतोक पत्रिकाहरू प्रकाशन गर्न पाउने, भेला हुन पाउने, सूचना लिने र दिने अवसरहरू

यसरी बालक्लबले विभिन्न उपसमितिमार्फत विभिन्न माध्यमहरू जस्तै : सडक नाटक, घरभेट, अन्तरक्रिया, छलफल, विचार तथा अभिमुखीकरण गोष्ठी, तालिम, प्लेकार्ड, ब्यानर, रेडियो, एफ.एमहरूमा विषयवस्तुमाथि छलफल, बालभित्तेपत्रिकामा लेख समाचार आदि प्रकाशन गरी विद्यालय तथा समुदायमा परिवर्तन ल्याउन सक्छ ।

**स्काउट**

नेपाल स्काउटको स्थापना वि.सं. २००९ सालमा भएको हो । बालबालिका तथा युवा वर्गलाई स्काउटमा आधिकाधिक मात्रामा सहभागी गराई तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गराउन, अनुशासित र स्वावलम्बी बनाई देश विकास कार्यमा सहभागी गराउन यसको स्थापना भएको हो ।

नेपाल स्काउटको उद्देश्य

(क) विश्व स्काउटद्वारा प्रतिपादित सिद्धान्त, मान्यता र भावनासंग नेपालका बालबालिका तथा युवा वर्गलाई परिचित गराउदै बालबालिका तथा युवा वर्गलाई जनसेवी बनाउने ।

(ख) बालबालिका तथा युवा वर्गलाई नेपाल स्काउटको माध्यमद्वारा कर्तव्य परायण, अनुशासित, स्वावलम्बी, सच्चरित्रवान तथा सुयोग्य नागरिक बनाउने ।

(ग) दैवी प्रकोप तथा दुर्घटनामा परेका व्यक्तिहरूको उद्धार तथा सहायता कार्यमा नेपाल स्काउटलाई परिचालन गर्ने, गराउने ।

(घ) सामुदायिक सेवा तथा जनहित सम्बन्धी कार्य गर्ने गराउने ।

(ङ) समाजका हरेक वर्ग तथा समुहलाई शिक्षित पार्न प्रौढ शिक्षा लगायत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने ।

(च) स्वास्थ्य, वातावरण, भू-संरक्षण तथा प्राकृतिक श्रोतको उपयोगसम्बन्धी विभिन्न जनउपयोगी कार्यक्रम सञ्चालन गर्न युवा जनशक्ति परिचालन गर्ने, गराउने ।

स्काउट नियम

❖ स्काउट विश्वास योग्य हुन्छ ।

❖ स्काउट भक्त हुन्छ ।

❖ स्काउट उपयोगी र सहयोगी हुन्छ ।

❖ स्काउट सबैको मित्र हुन्छ र परस्परमा भ्रातृत्व कायम राख्दछ ।

❖ स्काउट विनम्र हुन्छ ।

❖ स्काउट प्राणी प्रति दयालु हुन्छ ।

❖ स्काउट अनुशासित र आज्ञाकारी हुन्छ ।

❖ स्काउट बहादुर हुन्छ र सधैं प्रसन्न हुन्छ ।

❖ स्काउट मितव्ययी हुन्छ ।

❖ स्काउट मन, बचन र कर्ममा पवित्र हुन्छ ।

**रेडक्रस**

औपचारिक रूपमा नेपालमा वि.स. २०२० साल भद्र १९ गते तदर्थ समितिको रूपमा नेपाल रेडक्रस सोसाइटी गठन भई संस्थागत रुपमा प्रारम्भ भएको हो ।

**रेडक्रसका सात आधारभूत सिद्धान्तहरू**

१.मानवता

रणक्षेत्रमा घाइते भएका व्यक्तिहरूलाई भेदभावविना सहयोग पुऱ्याउने उद्देश्य रहेको छ । जीवन तथा स्वास्थ्यको सुरक्षा तथा मानवको सम्मानलाई सुनिश्चित गर्नु हो । यसले सम्पूर्ण मानवबीचमा पारस्परिक समझदारी, मित्रता, सहयोग र चिरस्थायी शान्तिको अभिवृद्धि गर्छ ।

२. निष्पक्षता

रेडक्रसले राष्ट्रियता, जाति, धार्मिक विश्वास, वर्ग र राजनीतिक विचारधाराको आधारमा कुनै भेदभाव गर्दैन । यसले विपत्तिको अवस्थामा मानवलाई सहयोग पुऱ्याउँदा उनीहरूको आवश्यकतालाई मात्र ध्यानमा राख्छ । यसले सबभन्दा बढी विपत्तिमा परेकालाई प्राथमिकता दिन्छ ।

३. तटस्थता

सबैको विश्वास प्राप्त गरिरहनका निम्ति शत्रुतापूर्ण व्यवहारमा र कुनै पनि क्षण राजनीतिक, जातीय, धार्मिक अथवा वैचारिक स्वभावका विवादहरूमा रेडक्रस अभियानले कसैको पक्ष लिँदैन ।

४. स्वाधीनता

रेडक्रस अभियानका स्वाधिन छ । राष्ट्रिय सोसाइटीहरूले सम्बन्धित सरकारको मानवीय सेवा कार्यमा सहयोग र सम्बन्धित राष्ट्रको ऐन कानुन पालना गर्दा आफ्नो स्वायत्तता कायम गर्नै पर्छ । यसबाट रेडक्रस अभियानका आधारभूत सिद्धान्तअनुरुप काम गर्न ती निकायहरु सदैव सक्षम हुन सकून् ।

५. स्वयम्सेवा

रेडक्रस स्वेच्छाले अरुको भलाइ गर्ने अभियान भएकाले कुनै पनि किसिमको लाभको इच्छाबाट प्रेरित हुँदैन ।

६. एकता

एउटा मुलुकमा एउटै मात्र रेडक्रस सोसाइटी हुन सक्छ । यो सबैका लागि खुला हुनै पर्छ । यसले आफ्ना मानवीय कार्यहरु देशभरि सञ्चालन गर्नै पर्छ ।

७. विश्वव्यापकता

अन्तर्राष्ट्रिय रेडक्रस अभियान विश्वव्यापी छ । यसमा सबै सोसाइटीहरूको समान सम्मान हुन्छ र सबैले एकआपसमा सहयोग गर्ने समान दायित्व र कर्तव्य पालना गर्छन् ।

(ग). शिक्षण सिकाइ सामग्री

- विद्यालयमा भएका संस्थाहरूको सूची र त्यससम्बन्धी फोटो, ब्रोसर, लेख, रचना, भिडियो
- बाल क्लव र रेडक्रसको परिचयसम्बन्धी श्रव्यदृश्य सामग्री

(घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

- विद्यालयमा भएका विभिन्न संघसंस्थाको परिचय र तिनीहरूले गर्ने कामहरूबारे जानकारी गराउने । जस्तैः स्काउट, इको क्लब, बाल क्लब, जुनियर रेडक्रस सोसाइटी आदि ।
- विद्यार्थीलाई उक्त क्लबहरूमा सहभागी गराई विद्यालयमा सामुहिक कार्यमा सहभागी गराउने ।
- विद्यार्थीलाई सामाजिक कार्यहरूमा सहयोग गर्ने बानीको बिकास गर्न विभिन्न प्रेरणात्मक वृत्तचित्र वा भिडियो प्रस्तुत गरी छलफल गर्ने ।
- विद्यालय वरिपरिको सरसफाइ कार्यमा सहभागी गराउने ।
- असल कार्य र सकारात्मक सोचले समाजमा पार्ने सकारात्मक प्रवाभका बारेमा छलफल गरी निष्कर्ष दिने ।

### (ङ) सम्भावित सिकाइ मूल्याङ्कन

**तलका क्रियाकलाप तथा अभ्यास गराई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :**

- आफ्नो विद्यालयमा बाल क्लब, जुनियर रेडक्रस, इको क्लब आदिले गर्ने कार्यहरूबारे लेख्न लगाएर ।
- विद्यालय परिसरमा सरसफाइ तथा पुष्प बगैँचा बनाउन लगाएर ।
- सामाजिक कार्यमा सहयोगबाट हुने फाइदाहरूका बारेमा लेख्न लगाएर ।
- विद्यार्थीका दैनिक क्रियाकलापको अवलोकन गरेर ।